# कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६

प्रस्तावना: कर्णाली प्रदेशमा विभिन्न समयमा विपद्का घटनामा परी घर वा घर जग्गा पूर्ण रुपमा क्षति भई घरवार विहीन भएका पीडित परिवारलाई आवास निर्माणका निम्ति सहयोग गर्न आवश्यक भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६" रहको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश सरकार वा स्थानीय तहहरुबाट कार्यान्वयन गरिनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवास निर्माण सहयोग" भन्नाले विपद् पीडितलाई मन्त्रालयले आवास निर्माणको लागि दिइने सहयोग रकम सम्झनुपर्छ।

(ख) "इकाई" भन्नाले मन्त्रालयको विपद् व्यवस्थापन शाखा सम्झनु पर्छ।

(ग) "पीडित" भन्नाले विपद् प्रभावित व्यक्तिलाई सम्झनु पर्छ।

(घ) "प्राविधिक कार्य" भन्नाले मन्त्रालय वा स्थानीय तहबाट गरिने विपद् पीडितलाई घर निर्माण कार्यको लागि ड्रइङ्ग, डिजाइन, इस्टिमेट तयारी तथा निर्माण कार्य सम्पन्न प्रतिवेदन समेतलाई सम्झनु पर्छ।

(ङ) "विपद्" भन्नाले कर्णाली प्रदेशमा विभिन्न समयमा आएको बाढी पहिरो, हावाहुरी चटयाङ्ग आगलागी आदीका कारण आफु बसोबास गरिरहेको घर वा घर जग्गा पूर्ण रुपमा क्षति भै त्यस्तो स्थानबाट विस्थापित भएको घर परिवार सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले यो कार्यविधिको प्रयोजनका लागि कर्णाली प्रदेश अन्तर्गत रहेका गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ।

३. सहयोग गर्नुपर्ने : (१) विपद् पीडित परिवारलाई आवास निर्माणमा मन्त्रालयबाट रकम सहयोग गर्दा यस कार्यविधि बमोजिम गर्नुपर्नेछ।

(२) मन्त्रालय वा सम्बन्धित स्थानीय तहले निर्माण कार्यसंग सम्बन्धित सरोकारवाला व्यक्ति वा संस्थाहरूसंग आवश्यक सहयोग लिन सक्नेछ। यस्तो सहयोग गर्नु त्यस्ता ब्यक्ति वा संस्थाहरुको कर्तब्य हुनेछ।

नि. सचिव

Scanned with CamScanner

परिच्छेद- २

## सहयोग सम्बन्धी व्यवस्था

४. <u>सहयोग रकम उपलब्ध गराउने</u> : (१) विपद् पीडितलाई आवास निर्माणका लागि प्रदेश सरकारबाट गठित कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ को दफा ३ बमोजिमको समितिले पहिचान गरेका वा पीडितले बसोबास गरिरहेको घरको मुल्यांकन गर्दा तीन लाख भन्दा कम भएको र प्राविधिक प्रतिवेदनले बसोबास गर्न उपयुक्त नदेखाएको वा विपद् प्रभावित भई बसोबास नभएको भनि सम्वन्धित जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएका घरपरिवारलाई समितिको बैठकले अनुमोदन गरे पश्चात रकम उपलब्ध गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम उपलब्ध गराउँदा दफा ५ को प्रक्रिया पूरा गरी मन्त्रालयको इकाई वा स्थानीय तह मार्फत विपद् पीडित लाभग्राही व्यक्तिको बैंक खातामा उपलब्ध गराइनेछ। यस दफा बमोजिम कुनै विपद् पीडितको बैंक खाता नभएमा उक्त व्यक्तिको बैंक खाता खोल्न मन्त्रालय र सम्वन्धित स्थानीय तहले सहयोग गरिदिनु पर्नेछ।

(३) वि.सं. २०७१ साल श्रावण २८ र २९ गतेको बाढीबाट प्रभावित भएकाहरुलाई तत्काल जीवनयापनको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुको सहयोगबाट निर्माण गरी बसोबास गरिरहेको घरको मुल्यांकन गर्दा तीन लाख भन्दा कम भएको र प्राविधिक प्रतिवेदनले बसोबास गर्न उपयुक्त नदेखाएको घरपरिवारलाई प्राविधिक प्रतिवदेन र स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिरामा र घर नभएका परिवारलाई स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएमा परिच्छेद ५ अनुसारको रकम उपलब्ध गराईनेछ।

५. <u>आवास निर्माण कार्य प्रक्रिया</u> : (१) समितिले पहिचान र अनुमोदन गरेका विपद् पीडित परिवारलाई कार्यान्वयन समितिले देहायका प्रक्रिया अवलम्वन गरी आवास निर्माण कार्य गर्नेछ।

(क) समितिले पहिचान र अनुमोदन गरेका पीडित घरपरिवारको आवास निर्माण कार्य मन्त्रालय आफै वा स्थानीय तह मार्फत गर्नेछ।

(ख) मन्त्रालय वा स्थानीय तहले कार्यान्वयन समितिको बैठक बोलाई आवास निर्माण सम्बन्धी योजना बनाउनु पर्नेछ र उक्त निर्माण योजना सम्वन्धि सूचना स्थानीय सञ्चार माध्यम तथा सूचना पाटीमा अनिवार्य रुपमा प्रकाशित गर्नु पर्नेछ।

(ग) अनुसूची -१ बमोजिमको ढाँचामा मन्त्रालय वा स्थानीय तहले निवेदन संकलन गर्नुपर्नेछ।

नि. सचिव

Scanned with CamScanner

## आवास निर्माण कार्यको समन्वय, सहजिकरण तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था

६. निर्देशक समिति : (१) आवास निर्माण कार्यको समन्वय, सहजिकरण तथा सुपरीवेक्षण गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-

(क) मन्त्री, मन्त्रालय — संयोजक

(ख) सम्बन्धित क्षेत्रको प्रदेश सभाका सदस्य — सदस्य

(ग) सम्बन्धित नगरपालिका प्रमुख/गाउँपालिका अध्यक्ष — सदस्य

(घ) कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समितिका मनोनित सदस्यहरु — सदस्य

(ङ) सचिव, मन्त्रालय — सदस्य सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति र समयमा बस्नेछ। बैठकमा आवश्यकता अनुसार संघीय संसदमा प्रतिनिधित्व गर्ने सांसद लगायत अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले आवास निर्माण कार्यको समन्वय, सहजिकरण तथा सुपरीवेक्षण गरी सम्बन्धित स्थानीय तहहरुलाई आवश्यक सल्लाह सुझाब तथा निर्देशन दिन सक्नेछ।

७. कार्यान्वयन समिति : (१) मन्त्रालयमा आवास निर्माण तथा प्राविधिक सहयोग समेतको कार्य गर्नको लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय — संयोजक

(ख) महाशाखा प्रमुख, मन्त्रालय — सदस्य

(ग) प्राविधिक अधिकृत प्रतिनिधि, भौतिक पुर्वाधार विकास मन्त्रालय — सदस्य

(घ) अधिकृत प्रतिनिधि, अर्थ मन्त्रालय — सदस्य

(ङ) मन्त्रालयको विपद् व्यवस्थापन शाखा प्रमुख — सदस्य सचिव

(२) मन्त्रालय आफैले कार्यान्वयन नगरी स्थानीय तहलाई अख्तियारी दिइएको अवस्थामा आवास निर्माण तथा प्राविधिक सहयोग समेतको कार्य गर्नको लागि सम्बन्धित स्थानीय तहमा देहाय बमोजिमको स्थानीय तहको कार्यान्वयन समिति रहनेछ :-

(क) नगर प्रमुख/गाउँपालिका अध्यक्ष — संयोजक

(ख) नगर उपप्रमुख/गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) वातावरण तथा विपद् समितिको संयोजक — सदस्य

(घ) आवास निर्माण हुने वडाको वडाध्यक्ष — सदस्य

(ङ) प्रतिनिधी, मन्त्रालय — सदस्य

(च) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

नि. सचिव

(३) बैठकमा लाभग्राहीका प्रतिनिधी र आवश्यकता अनुसार अन्य व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(४) स्थानीय कार्यान्वयन समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(५) संयोजकको निर्देशन बमोजिम सदस्य सचिवले बैठकको आव्हान गर्नेछ। बैठकको निर्णय समितिका संयोजक र प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्नेछन्।

(६) निर्देशक समितिबाट प्राप्त लाभग्राहीहरुको सूचीलाई सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद -४

## श्रोत व्यवस्थापन

८. बजेट व्यवस्था : (१) मन्त्रालयले विपद् पीडित आवास निर्माण कार्य सञ्चालन गर्न निम्नानुसारको स्रोतबाट बजेटको व्यवस्था गर्नेछ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट विनियोजित रकम,

(ग) कुनै व्यक्ति वा सँस्थाले उपलब्ध गराएको सहायता रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिम प्राप्त हुने रकमबाट निर्देशक समितिको निर्णय अनुसार लाभग्राहीको संख्या र आवास निर्माण प्रगतिको आधारमा मन्त्रालयले सोझै खर्च गर्नेछ वा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकिएको अधिकारीलाई अख्तियारी पठाईनेछ।

(३) नेपाल सरकारबाट प्राप्त हुने सहयोग रकम प्रदेश संचित कोषमा जम्मा गरिनेछ। यसरी जम्मा हुने रकम कानून बमोजिम हिसाब मिलान गरिनेछ।

## परिच्छेद- ५

## आवास निर्माण, जग्गा व्यवस्थापन तथा रकम भुक्तानी विधि

९. घर निर्माण : (१) विपद् पीडितले सहयोग रकम पाउँ भनी जनता आवास कार्यक्रममा उल्लेखित भवनको मोडेलमध्ये कुनै एक वा भूकम्प प्रतिरोधी भवनको नक्सा, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी र स्थानीय तहबाट जग्गा प्रयोगको अवस्था (सरकारी, सार्वजनिक र वनक्षेत्र बाहेकको जग्गा) खुलेको पत्रसहित नगरपालिका वा गाउँपालिका वा वडा कार्यालयको सिफारिस संलग्न राखी निवेदन दिएमा लाभग्राही स्वयंले घर बनाउने शर्तमा मन्त्रालयले वा सम्बन्धित स्थानीय तहले लाभग्राहीको बैंक खातामा तीन किस्तामा देहायअनुसारको रकम जम्मा गर्नु पर्नेछ :-

(क) पहिलो किस्ता बापत एक लाख पचास हजार रुपैया,

(ख) घरको झ्याल ढोका राखी पर्खाल समेत पूरा भएको वा कम्तीमा पचास प्रतिशत निर्माण कार्य पूरा भएको छ भनी सम्बन्धित वडा वा प्राविधिक

नि. सचिव

कर्मचारीको सिफारिस प्राप्त भएपछि निर्माण कार्यको यकिन गरी थप एक लाख रुपैया, र

(ग) घर निर्माण सम्पन्न भएको वा घरको छानाको कार्य मात्र बाँकी छ भनी प्राविधिक मुल्याङ्कन सहितको सिफारिस प्राप्त भएपछि निर्माण कार्यको यकिन गरी बाँकी पचास हजार रुपैयाँ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु भएपश्चात सरकारी वा अन्य संघ संस्थाको सहयोगमा घर निर्माण गरेको वा घर निर्माणको लागि सहयोग लिएको पिडितलाई उल्लेखित रकम उपलब्ध गराइने छैन।

(३) पहिलो किस्ता प्राप्त गरेको तीन महिनाभित्र निर्माण कार्य शुरु गर्नु पर्नेछ। निर्माण कार्य शुरु नगरेमा कानुन बमोजिम असुली गरिने छ।

(४) पहिलो किस्ताको रकम प्राप्त गरेको छ महिनासम्म पनि तोकिएको जग्गामा मापदण्ड अनुसार निर्माण कार्य शुरु नगरेमा रकम अशुली गरी निजको नाम विपद् पिडितको लगतबाट हटाइनेछ र यसरी लगत कट्टा भएको विवरण सार्वजनिक गरिनेछ।

(५) घर निर्माण सम्पन्न भएको पन्ध्र दिनभित्र सम्बन्धित व्यक्तिले साविकमा प्रयोग गर्दै आएको शिविरको सार्वजनिक जग्गा अनिवार्य रुपमा खाली गर्नुपर्नेछ।

(६) यस दफाबमोजिम उपलब्ध गराईने रकमभन्दा बढी लागतमा समेत कुनै व्यक्तिले घर बनाउन सक्नेछ। यस्तो अवस्थामा सरकारले उपलब्ध गराउने सहयोगभन्दा बढी रकम लाभग्राही स्वयंमले ब्यहोर्नु पर्नेछ।

(७) सहयोग प्राप्त गर्ने पिडितले भुकम्प प्रतिरोधी मापदण्ड अनुरूपको घर निर्माण गर्नु पर्नेछ। यसको लागि आवश्यक पर्ने नक्शा, प्राविधिक प्रतिवेदन लगायतका प्राविधिक सहयोग मन्त्रालय वा स्थानीय तहको कार्यान्वयन समितिले उपलब्ध गराउने छ।

(८) प्रदेश सरकारबाट सहयोग हुने तिनलाख रकमभित्र रहेर बनाउने घर जनता आवास कार्यक्रममा उल्लेखित भवनको मोडेलबमोजिम र लाभग्राही स्वयंले समेत रकम थपेर बनाउने घर मन्त्रालय वा स्थानीय तहले तोकेको मापदण्डबमोजिमको हुनु पर्नेछ।

(९) विक्रम संवत् २०७१ सालको बाढीबाट पीडित भइ यो कार्यविधि लागु हुनुभन्दा पहिले नै आफ्नो जग्गामा बनाइएको घरको लागत मूल्य तीन लाख भन्दा बढी भएको प्राविधिक प्रतिवेदन र घरमा बस्न मिल्ने भनी स्थानीय तहले सिफारिस गरेकालाई कार्यविधिमा तोकिए बमोजिमको तीन लाख रकम उपलब्ध गराइने छ।

(१०) विक्रम संवत् २०७१ सालको बाढीबाट पीडित भइ यो कार्यविधि लागु हुनुभन्दा पहिले नै आफ्नो जग्गामा घर बनाइ बसोवास गरीरहेकोमा थप मर्मत सुधार गरी बसोबास गर्न मिल्ने भनी स्थानीय तहको सिफारिस तथा तीन लाखभन्दा बढी मुल्यको पुर्ण घर भएको भनी प्राविधिक प्रतिवेदन प्राप्त भएमा कार्यविधिमा तोकिएको तीन लाख रकम उपलब्ध गराइने छ।

(११) सार्वजनिक, सरकारी तथा वन क्षेत्रमा घर बनाउन पाइने छैन। यस्ता क्षेत्रमा घर बनिसकेको रहेछ भने यस कार्यविधि अनुसार भुक्तानी गरिने छैन।

(१२) जग्गाधनी प्रमाण पुर्जा भएको तर खोला, बगर वा विपद् प्रभावित क्षेत्रका कारण उक्त जग्गामा घर बनाउन नसक्ने वा बसोबास गर्न नमिल्ने वा सगोल परिवार (बुबा, आमा,

श्रीमती, छोरा, बुहारी, नाती, अविवाहित छोरी आदि) को नाममा जग्गा धनी प्रमाणपूर्जा समेत नभएको भनि स्थानीय तह र प्राविधिक प्रतिवेदनले सिफारिस गरेको अवस्थामा जग्गा खरिदको लागि रकम उपलब्ध गराइनेछ ।

(१३) यो कार्यविधि स्वीकृत हुनुभन्दा एकवर्ष अघिसम्म प्रदेशमा बसोबास भइ विपद् पिडित भएको र पिडित हुनुभन्दा पहिलेदेखि नै प्रदेश बाहिरको जग्गा धनी प्रमाण पुर्जा प्राप्त दर्ता जग्गामा पिडित भएपछि घर बनाई बसोबास गरेकाको हकमा सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको सिफारिसको आधारमा उपदफा ९ र १० अनुसार तीन लाख रकम उपलब्ध गराइने छ। तर यो कार्यविधि लागु भएपश्चात प्रदेश बाहिर जग्गा खरीद गरी बसोबास गर्न यो कार्यविधि अनुसार रकम उपलब्ध गराइने छैन।

(१४) मालपोत कार्यालय बाहेक अन्य आयोग, कार्यदल र समिति आदिबाट प्राप्त सार्वजनिक, सरकारी तथा वन क्षेत्र भित्र घर बनाइएको पाइएमा यो कार्यविधि अनुसार रकम भुक्तानी गरिने छैन।

(१५) यस पूर्व कायम रहेको कार्यविधि बमोजिम पिडितहरुले प्राप्त गरेको आवास निर्माण सहयोग समेत यसै कार्यविधि बमोजिम प्राप्त गरेको मानिने छ र त्यसमा दोहोरो नपर्ने गरी यस कार्यविधि बमोजिम सहयोग उपलब्ध गराइनेछ।

१०.<u>जग्गा व्यवस्थापन</u> : (१) दफा ९ बमोजिमको भवन निर्माण गर्ने कार्यका लागि पीडितको अन्यत्र जग्गा नभएमा जग्गा व्यवस्थापन गर्नका लागि प्रदेश सरकारले रु. दुई लाख थप रकम पीडित घरपरिवारलाई उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम जग्गा व्यवस्थापन गर्नको लागि प्रदेश सरकारबाट दुई लाख प्राप्त गर्नको लागि कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ को दफा ३ बमोजिमको समितिको सूचीमा सुचीकृत भएका पिडितहरुले अनुसुचि १ बमोजिमको निवेदनका साथै अनुसुचि २ बमोजिमको कबुलियतनामा गरेपछि मात्र जग्गा व्यवस्थापन बापतको रकम भुक्तानी गर्न मन्त्रालयले प्रक्रिया अगाडि बढाउनेछ।

(३) जग्गा खरिद गर्ने रकम मागको लागि निवेदन दिँदा जग्गा बिक्रि गर्ने जग्गाधनीको जग्गाधनी प्रमाण पूर्जाको फोटोकपि, वडा अध्यक्ष वा निर्वाचित प्रतिनिधिको रोहवरमा जग्गा धनीले जग्गा बिक्रि गर्न तयार भएको मन्जुरीनामा र सो जग्गामा घर निर्माण गर्न मिल्ने स्थानीय तहको स्वीकृति समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(४) पिडितले उपदफा (१) बमोजिमको रकमबाट जग्गा खरिद गरेको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि मन्त्रालय वा सम्बन्धित स्थानिय तहमा सात दिनभित्र पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि प्राप्त भएपछि मन्त्रालयले जग्गा व्यवस्थापनको रकम एकमुष्ठ रुपमा भुक्तानी गर्नेछ।

(६) उपदफा (२) बमोजिम प्रतिपरिवार दुई लाखको सीमाभित्र रही जग्गा खरिद गरिसके पछि पुनः सामुहिक रुपमा पीडितहरुले अनुरोध गरेमा दफा ९ बमोजिमको रकमको आधारमा प्रदेश सरकारले घर निर्माण समेत गरिदिन सक्नेछ।

(७) जग्गा तथा भवनको व्यवस्था गर्न नसक्ने र यो कार्यविधि लागु हुनुपुर्व कुनै पनि अनुदान वा जग्गा र भवन निर्माणको लागि नलिएको विपद् पीडितहरुको हकमा मन्त्रालयले



Scanned with CamScanner

एकीकृत वस्तिको निर्माण गर्न सक्नेछ। सो प्रयोजनका लागि दफा ९ (१) तथा दफा १०(१) मा उल्लेखित बजेटमा थप गरी खर्च गर्न सक्नेछ।

## परिच्छेद – ६

## विविध

११.अनुगमन तथा मुल्यांकन : आवास निर्माण गर्ने सम्वन्धी कार्यको अनुगमन तथा मुल्याङ्कन मन्त्रालय अन्तर्गत गठित निर्देशक समितिले गर्नेछ।

१२.शिरोभार खर्च सम्वन्धि व्यवस्था : (१) विपद् पीडित आवास निर्माण सहयोग कार्यको व्यवस्थापकीय, समितिको बैठक, प्राविधिक, अनुगमन मुल्यांकन र सुपरिवेक्षण लगायतका कार्यका लागि विपद् पीडित पुनर्स्थापना कार्यक्रममा विनियोजित भएको बजेटबाट बढीमा ५ प्रतिशत रकमको व्यवस्था गर्नुपर्नेछ।

१३.लेखा र लेखापरीक्षण : (१) लेखा राख्ने, लेखा परीक्षण गराउने, प्रतिवेदन तयार गर्ने लगायतका कार्य कर्णाली प्रदेश आर्थिक कार्यविधी ऐन २०७४ र नियम २०७५ बमोजिम मन्त्रालय वा सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।

१४.कारवाही हुने : झुटा विवरण पेश गरी सहयोग रकम लिएको वा प्राप्त रकम आवास निर्माण कार्यमा तोकिएको समयमा प्रयोग नगरी दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिबाट सो रकम असुलउपर गरी पीडितको सूचिबाट समेत हटाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१५.बाधा अड्काउ फुकाउ : यो कार्यविधि पालना गर्ने गराउने सम्बन्धमा कुनै द्विविधा वा कुनै कठिनाई वा बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

१६.प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

१७.खारेजी र बचाउ : (१) प्रदेश सरकारबाट मिति २०७६/०१/१२ मा पारित भएको विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ अन्तर्गत भएगरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ।

नि. सचिव



Scanned with CamScanner

अनुसूची – १

(दफा ५ को (ग) र ९ सँग सम्बन्धित)

विपद् पीडितले सहयोग रकम माग गर्ने निवेदन फाराम

श्री.........................................

...........................................

विषय : रकम उपलब्ध गराइ पाउँ।

मिति.................मा .............................कारणले मेरो .................. जिल्ला (साविक .................................. न.पा./गा.वि.स. ....... वडा ..........................टोल) ......................................नगरपालिका/गाउँपालिका.......वडा...............................टोलमा रहेको बसोबास गर्ने घर पूर्ण क्षति भएको हुँदा घर निर्माण गर्ने प्रयोजनकालागि सहयोग स्वरुप देहायको रकम उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु।

(क) प्रारम्भिक किस्ता बापत रु एक लाख पचास हजार।

(ख) दोस्रो किस्ता बापत घरको झ्याल ढोका राखि पर्खाल पुरा गरे बापत रु एक लाख।

(ग) तेस्रो किस्ता बापत घर निर्माण सम्पन्न भए पश्चात वा घरको छानाको काम मात्र बाँकी भएकोमा रु पचास हजार मात्र।

(घ) जग्गा व्यवस्थापनको लागि रु दुई लाख।

१. पारिवारीक विवरण

क) घरमुलीको नामथरः................................................

ख) बाबुको नामथरः.....................................................

ग) बाजेको नामथरः.....................................................

घ) पति/पत्नीको नामथरः...............................................

ङ) परिवार संख्याः......................................................

च) सम्पर्क नं. .......................................................

हालको किस्तामा माग गरिएको अनुदान रकमः रु .............................................

अक्षेरुपी ................................................

संलग्न कागजातहरुः

(१) बैंक खाताको प्रमाण,

(२) जग्गाको लालपुर्जा वा अन्य स्थायी बसोबास गरेको प्रमाणको प्रतिलिपी,

(३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फोटो,

(४) व्यक्ति स्वयंले पेस गरेको वा सम्बन्धित प्राविधिकले सिफारिस गरेको नक्शा,

(५) सम्बन्धीत वडा कार्यलयको शिफारिश,

(६) जग्गा खरिद गर्ने जग्गाधनीको जग्गाको पुर्जाको फोटोकपि र विक्रि गर्ने मन्जुरीनामा कागजात स्थानीयको सिफारिस।

(७) अन्य कागजात।

निवेदक

नाम, थरः..................................

नागरिकता नं ..........................

ठेगानाः......................................

मितिः.............

दस्तखतः....................................

Scanned with CamScanner

अनुसूची-२

दफा १० को उपदफा ३ सँग सम्बन्धित

कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ बमोजिम विपद्पीडितसँग गरिने कबुलियतनामाको ढाँचा

**कार्यक्रम** : कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यक्रम अन्तर्गत घर निर्माण गर्ने

ठेगाना :

जिल्ला.................................. गाउपालिका /नगरपालिका /उपमहानगरपालिका ..............................

वडा नं.................................. टोल गाउँ/कार्यक्रमस्थल ..................................................

कार्यक्रमको लागत :

(क) आवास निर्माणको लागि मन्त्रालयले व्यहोर्ने तीन लाख

(ख) जग्गा नहुने पीडितको लागि जग्गा खरिदको लागि मन्त्रालयले व्यहोर्ने दुई लाख

कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधि :

शुरु हुने मिति : सम्पन्न हुने मिति :

कबुलियतनामा गर्ने : विपदपीडित ।

पीडितको विवरण :

नामथर : ठेगाना :

ना.प्र.नं. :

विपद् पीडित परिवारका सदस्यको विवरण

श्री घरमुली :

सदस्यहरु :

क. ख.

ग. घ.

ङ

परिवार सदस्य संख्या थप भएमा उल्लेख गर्न सकिने ।

नि. सचिव



Scanned with CamScanner

कबुलियतनामा गर्ने

विपद् पीडितको नामथर :

ठेगाना :

नागरिकता प्रमाणपत्र नं. :

हस्ताक्षर:

सम्पर्क नं

औंठाछाप

दायाँ बाँया

मिति

दस्तखत

## कबुलियतनामाका सर्तहरु

१. नाप नक्सा तथा स्वीकृत लागत अनुमान र प्राबिधिकबाट तोकीएको गुणस्तर अनुसारका निर्माण सामग्री प्रयोग गरी आवास निर्माण गर्ने छु।
२. एउटा शौचालय निर्माण गर्ने छु।
३. प्राविधिकको कार्य प्रगति प्रतिवेदन र आवश्यकता अनुसार स्थलगत प्रतिवेदन, सामग्री खरिद तथा बिल भर्पाईहरुका आधारमा अनुदान रकम भुक्तानी लिनेछु।
४. आवास निर्माण सम्पन्न भएको मितिले दश बर्ष सम्म उक्त घरजग्गा बेचबिखन गर्ने छैन्।
५. घर निर्माणको लागि खरिद गरेको निर्माण सामाग्रीको मूल्य रु तिन लाखभन्दा बढी भएमा रु तिन लाख मात्र भुक्तानीको लागि दावी गर्नेछु।
६. स्वीकृत डिजाइन र लागत ईष्टिमेटमा घर निर्माण सम्पन्न भए पश्चात निर्माण सामाग्री खरिदको बिल भर्पाई अनुसार रकम भुक्तानी लिनेछु।
७. जग्गा खरिद गर्ने विपद पीडितको हकमा जग्गा खरिद गरि जग्गाधनी प्रमाणपत्र मन्त्रालय समक्ष कार्यविधिमा तोकिएको समयसिमाभित्र नबुझाएमा मन्त्रालयबाट प्राप्त रकम असूलउपर लगाएतको कानूनी कारबाही गरेमा मन्जुर छु।



Scanned with CamScanner

कर्णाली प्रदेश विपद पीडित आवास निर्माण सहयोग कार्यविधि,२०७८ बमोजिम विपद पीडितले गर्ने स्वघोषणाको ढाँचा

(२)कार्यक्रम : कर्णाली प्रदेश विपद पीडित आवास निर्माण सहयोग कार्यक्रम अन्तर्गत घर निर्माण गर्ने ।

कार्यक्रमस्थल:

जिल्ला........................गाँउपालिका / नगरपालिका /उपमहानगरपालिका...........

वडा नं................टोल गाउँ...............................

विपद् पीडितको नाम ठेगाना :

विपद् पीडित परिवारका सदस्यको विवरण:

| | |
|---|---|
| श्री | घरमुली |
| श्री | सदस्य |
| श्री | सदस्य |
| श्री | सदस्य |
| श्री | सदस्य |

परिवार सदस्य संख्या थप भएमा उल्लेख गर्न सकिने ।

म विपद् पीडितको एकाघरको परिवारको नाममा नेपालराज्यभर कुनैपनि स्थानमा घरजग्गा छैन यदी झुटो विवरण पेश गरि अनुदान रकम भुक्तानी लिएको ठहरिएमा असुल उपर गरि कानून बमोजिम कारवही गरेमा मन्जुर छु भनि स्वघोषणा गर्दछु ।

स्वघोषणा गर्ने :

विपद् पीडितको नाम : नागरिकता नं :

ठेगाना : सम्पर्क नं :

दस्तखत :

मिति :

औंठाछाप : दाँया बाँया